# गोसाइँकुण्ड: एक सांस्कृतिक अध्ययन

डिल्लीराज शर्मा
ने.ए.अ. केन्द्र

## परिचय

नेपालका तीर्थस्थलहरूका सामाजिक र सांस्कृतिक पक्षहरूको अध्ययन गर्ने क्रममा अल्प अवधिको यस अध्ययनलाई यहाँ प्रस्तुत गरिएको छ। कुनै पनि तीर्थस्थल बारे अध्ययन गर्दा त्यस ठाउँको धार्मिक माहात्म्यको अध्ययनका साथसाथै त्यस ठाउँको सामाजिक र सांस्कृतिक पक्षहरूबारे पनि अध्ययन गर्नु आवश्यक हुन्छ। यसबाट यस्ता स्थलहरूमा रहेका सामान्य सामाजिक मान्यताहरू बारे थप जानकारी उपलब्ध हुनुका साथै यस्ता स्थलहरूमा विविध जातिहरूबीच विभिन्न अवसरहरूमा देखिने अन्तर्सम्बन्ध बारे पनि थाहा पाउन सकिन्छ।

गोसाइँकुण्ड नेपालको हिमाली भागमा अविस्थित एक महत्त्वपूर्ण धार्मिक तीर्थस्थल हो। हिन्दू परम्परामा मात्र नभई स्थानीय स्तरका जनविश्वासमा समेत यो स्थल अहिलेसम्म एक पवित्र स्थलकै रूपमा रहीरहेको देखापर्नु यसको ठूलो विशेषता हो। त्यसैले होला तीर्थयात्रीहरूको रूपमा यहाँ हिन्दूहरू मात्र होइन बौद्धधर्म मान्नेहरू पनि उत्तिकै समान रूपमा सहभागी भएको पाइन्छ।

गोसाइँकुण्ड वागमती अञ्चलको रसुवा जिल्लामा पर्ने एक महत्त्वपूर्ण तीर्थस्थल हो। भार्खु गाबिस क्षेत्रभित्र पर्ने यो स्थल समुद्र सतहबाट १६,३०० फिटको उचाईमा अवस्थित छ। वरिपरि नाङ्गा पहराहरूले घेरिएको गोसाइँकुण्ड गोसाइँपहाडको काखमा फैलिएर रहेको छ। तिब्बती भाषामा यस पहाडलाई 'शिशापाङमा' भन्छन् भने स्थानीय तामाङ जनजिब्रोमा यसलाई 'ग्वेलछेन' भनिन्छ। यस्तै नेवारी भाषामा यो स्थल 'सिलु' तीर्थको नामको प्रसिद्ध छ। नेपालका संस्कृत ग्रन्थहरूमा यसलाई गोसाइँकुण्डका अतिरिक्त 'नीलकण्ठतीर्थ' पनि भनिएको पाइन्छ। हाल यो क्षेत्र लाङटाङ राष्ट्रिय निकुञ्ज भित्र पर्दछ। त्रिशुलीगंगाको उद्गमस्थलको रूपमा पनि गोसाइँकुण्डको महत्त्व अझ बढेको छ।

*Contributions to Nepalese Studies*, Vol. 26, No. 2 (July 1999), 265-280
Copyright © 1999 CNAS/TU

गोसाइँकुण्डमा वर्षको दुइपटक मेला लाग्छ- गंगादशहरा र जनैपूर्णिमामा। सबैभन्दा ठूलो मेला जनैपूर्णिमाको अवसरमै लाग्ने गरेको पाइन्छ। टाढाटाढाका भक्तजनहरू यसैबेला पूजा गर्न तथा नुहाउन यहाँ आउने गर्दछन्।

**अध्ययनको उद्देश्यः**

यस अध्ययनका निम्त उद्देश्यहरू रहेका छन्-

१. यस तीर्थस्थलको ऐतिहासिक, सांस्कृतिक तथा पौराणिक माहात्म्यबारे प्रकाश पार्नु,
२. यस तीर्थमा तीर्थयात्रीहरू तथा विविध सेवा पुऱ्याउनेहरू बीच सामाजिक, सांस्कृतिक र अन्य प्रकारका आदान प्रदानका सम्बन्धहरूको अध्ययन गर्नु।
३. यस तीर्थ र तीर्थयात्रासंग सम्बद्ध सुधारात्मक सुझावहरू प्रस्तुत गर्नु।

**अध्ययन विधि**

यस तीर्थस्थलको अध्ययन गर्दा सहभागी पर्यवेक्षण विधिलाई नै मुख्यरूपले प्रयोग गरिएको थियो। साथै सोधपूछ तथा प्रश्नावलीलाई समेत आधार बनाई आवश्यक अन्य तथ्याङ्कहरू संकलन गरिएको थियो।

पुस्तकालयहरूमा उपलब्ध सामग्री जस्तो कि प्रकाशित पुस्तकहरू, लेखहरू, प्रतिवेदन आदिको पनि सन्दर्भ सामग्रीका रूपमा यथोचित उपयोग गरिएको थियो।

सर्वेक्षणमा आधारित विभिन्न तथ्याङ्कहरू तीर्थयात्री बुढाबुढीहरू तथा स्थानीय व्यक्तिहरूबाट संकलन गरिएका थिए। यस अध्ययनमा तीर्थयात्रीको जम्मा २६ समूहको नाइकेलाई आधार लिई प्रश्न सोधिएको थियो। उक्त समूहहरू भित्र कूल तिर्थयात्री सख्या जम्मा १७३ जना रहेका थिए भने बाँकि संख्यामा ८ जना पसलेहरू र ६ जना भरियाहरूलाई समेत अध्ययनमा समावेश गरिएको थियो। यसप्रकार जम्मा १८७ जना व्यक्तिहरू यस अध्ययनको उत्तरदाताको रूपमा समावेश गरिएका थिए।

**भौगोलिक अवस्थिति**

गोसाइँकुण्ड हिमाली भू-भागमा पर्ने नेपालको महत्त्वपूर्ण तीर्थस्थल हो। रसुवा जिल्लाको सदरमुकाम धुन्चेबजारदेखि यो स्थल ८-९ घण्टाको पैदल यात्राको दूरीमा अवस्थित छ। धुन्चेबाट सीधै उकालो लागेपछि फर्कुदेउराली, ताड्देन डाँडाको उकालो, धिम्सा, चन्दनबारी, चोलाङ्गपाटी, लौरीविनायक हुँदै गोसाइँकुण्ड पुग्न सकिन्छ। लौरी विनायक ४,३८० मिटरको उँचाईमा छ भने गोसाइँकुण्ड चाहिँ ४२६० मीटरको उचाईमा पर्दछ। यी स्थलहरूको उँचाई अति उच्च रहेको कारणले लेक लाग्ने (mountain sickness) डर रहन्छ। यस्ता उच्च स्थलहरूमा हावामा अक्सिजनको मात्रा अत्यन्त कम हुने हुँदा टाउको दुख्ने, रिङ्गटा लाग्ने र कमजोरी अनुभव हुने गर्दछ।

यस कुण्डका चारैतिर अत्यन्त कडा चट्टानका भिराला पहाडहरू छन्। यसमध्ये उत्तरतिरको पहाडलाई गोसाइँकुण्ड लेक भनिन्छ। यसको उचाई अझ बढि रहेको छ। यसै गोसाइँकुण्ड लेकको काखमा विशाल पोखरी फैलिएर रहेको छ। पोखरीमा आउने पानीको मुहान उत्तर तर्फको पहाडको भित्तामा रहेको त्रिशुलधारा नै हो भने निकास चाहिँ यसको दक्षिण पश्चिम केही होचो र खुला भाग हो, जहाँबाट पोखरीको पानी बाहिर जाने गर्दछ। यसरी निस्किएको पानी तल आई भैरवकुण्ड र सरस्वतीकुण्ड हुँदै पहाराबाट तल खसी अन्तमा त्रिशुलीनदीको रूप धारण गर्दछ। यहाँको चट्टान कडा भएको र हिउँदमा हिउँपर्ने हुनाले यहाँ खेतीपातीको त के रूख विरुवा समेत उम्रेका छैनन्। समथल परेका केही भागमा सुनपाती देख्न सकिन्छ भने यसदेखि केही तल्लो भागमा गोब्रेसल्लाको पातलो वन पनि छ।

## पुराणहरूमा वर्णित गोसाइँकुण्डको माहात्म्य

पौराणिक, साहित्यिक एवम् धार्मिक पुस्तकहरूमा गोसाइँकुण्ड माहात्म्य बारे धेरै कथाहरू पाइन्छन्। यस सम्बन्धि अझ रोचक कथाहरू रामायण, महाभारत, स्कन्दपुराण, शिवपुराण तथा हिमवत्खण्डमा पाइन्छन्।

महाभारतका आदीपर्वमा समुद्र मन्थनको वर्णन छ।[1] यसमा मन्दराचलन पर्वतलाई मदानी बनाइएको र वासुकी नागलाई डोरी (लोती) बनाइएको उल्लेख पाइन्छ। यसमा नागको टाउकोतिर असुरहरूले र पुच्छरतिर देवताहरूले समाई समुद्र मथ्ने काम गरिएको प्रसंग पनि छ। मन्थन प्रकृयाको क्रममा प्रारम्भमा मणि र अन्य महत्वपूर्ण दिव्य वस्तुहरू निस्के। मन्थनबाटै अत्यन्त सुन्दरी नारी (लक्ष्मी) निस्किइन्। तिनलाई भगवान् विष्णुले आफ्नो वक्षस्थलमा सुशोभित गरे। यसपछि क्रमैले पारिजात वृक्ष, कामधेनु गाई, उच्चैश्रवा घोडा र धन्वन्तरी प्रकट भए। धन्वन्तरीको हातमा अमृत कलस थियो। सोही अमृत प्राप्तगर्नका लागि दैत्य र देवता बीच झगडा पनि भयो। यसपछि महानाग ऐरावत प्रकट भयो, यसलाई इन्द्रले काबूमा ल्याए। यसपछि कालकूट विष पैदा भयो। यसको प्रभावले सबै प्राणीहरू मुर्च्छा परे। यस्तो अवस्थामा देखेर भगवान् शिवले लोक कल्याणका लागि सो विष पिई गलामा राखे। तर सो विषको प्रभावले शिवको कण्ठ नीलो भयो। यसपछि उनलाई नीलकण्ठ नामले सम्बोधन गरियो। महाभारतमा भनिएको पनि छ–

दधार भगवान् कण्ठे मन्त्र मूर्तिमहेश्वर।
तथा प्रभृति देवस्तु नीलकण्ठ इतिश्रुति॥
(महाभारत, आदीपर्व)

महाभारतको प्रसंगमा अमृतका लागि देवता र दानवहरू बीच लुछाचुँडी भई युद्ध समेत भएको उल्लेख पाइन्छ। यस ग्रन्थमा भगवान् शिवले विष समनको लागि हिमालयतिर लागेको वर्णन नपाए तापनि यस प्रकारको विवरण स्कन्द पुराण अन्तर्गतको

हिमत्खण्डमा आएर मात्र पाइन्छ। हिमवत्खण्डको अधयाय ४५, ४६, ४७ र ४८ मा यस सम्बन्धि विस्तृत उल्लेख छ- 'भगवान शिव विषले छट्पटाउँदै हातमा वेतको लट्ठी र काँधमा त्रिशुल लिएर उत्तर दिशातिर लागे। हिंड्दा हिंड्दै महादेवले आफ्नो हातमा रहेको वेतको लठ्ठी रोपे। त्यहाँबाट वेत्रावती नदी निस्किइन्। त्यसपछि महादेव अझै उत्तरतिर लागे र उत्तरतिरको पर्वतमा त्रिशुल समाई चन्दनाचल (चन्दनवारी) लाई नाघेर निलाद्रीमा पुगे। त्यहाँ आफ्नो त्रिशुलले पर्वतलाई भेदन गरे र त्यहाँबाट पानीका धारा निकाले। त्यही पानी जलकुण्डको रूपमा रह्यो र त्यसै जलकुण्डको मध्यभागमा भगवान् शिव लम्पसार भई सुते। भगवान् सुतेको जलकुण्डबाट पानी निस्केर अर्को कुण्ड (भैरवकुण्ड) बन्यो र त्यसमुनि फेरि अर्को कुण्ड (सरस्वतीकुण्ड) मा पनि जलले परिपूर्ण भयो। त्यसपछि भगवान् शिवले गणेश र क्षेत्रपाललाई नीलकण्ठ दहको द्वारको रक्षाका लागि आदेश दिए।' यसअनुसार दहको पश्चिम दिशामा गणेश लौरीविनायकको रूपमा र दण्डपाणी क्षेत्रपाल द्वारपालको रूपमा रहे। भनिन्छ, यी द्वारपालहरूको आज्ञाविना कोही पनि जलकुण्डसम्म जान सक्तैनन्। गणेश र दण्डपाणीको आज्ञा पाएर मात्र अरू देवताहरू त्यहाँबाट प्रवेश गर्न पाउँछन् भन्ने पनि उल्लेख छ। आजभोलि लौरी विनायकमा लौरो चढाएर स्तुति गर्ने परम्परा छ तर क्षेत्रपालको कुनै स्थान वा मूर्ति रहेको पाइँदैन।

यस्तै हिमवत्खण्डमा भनिएको छ- 'त्यसपछि गन्धर्व, किन्नर, नाग, यक्ष, अप्सरा, चौसठ्ठी कोटी योगिनीहरू यहाँ नुहाउन आए। सबैले ॐ नमः सम्झन्दै रुद्रलाई भक्तिसहित नमस्कार गरे। पञ्चोपचार पूजाविधिले यहाँ पूजा गरे।[२]

हिमत्वत्खण्डको ४६ औं अध्यायमा भैरवकुण्डमा जो नुहाउँछन् सारा पापबाट मुक्त भई कैलाश धाममा जान्छन् भनिए तापनि परम्पराअनुसार भैरवकुण्डमा नुहाउने प्रचलन रहेको पाइँदैन। यहाँको कुण्डको चारैतिरको किनारा अत्यन्त भिरालो गरी बनेको र पानी पनि सँग्लो नभई निकै कालो देखिने भएकोले मानिसहरू यहाँ नुहाउने गर्दैनन्। किम्बदन्ति अनुसार यहाँ नुहाउन गएमा पानीले भित्रतिर तान्ने गर्छ। केही वर्ष अगाडि एकजना साधु यहाँ नुहाउन गए तर उनी केहीबेरमै लोप भएको घटना पनि यहाँ सुनिन्छ। त्यसबेलादेखि यो ठाउँमा नुहाउन जाने हिम्मत कसैले पनि गर्दैनन्।

हिमवत्खण्डको ४७ औं अध्यायमा नीलकण्ठ पोखरीको महत्वबारे चर्चागर्दै भनिएको छ-

*भस्मस्नानी शिवध्यायी रुद्राक्षाक्ततनुमुर्ददा।*
*शिव मन्त्र जपेल्लक्षं नीलकण्ठ तटेडनिशम्॥*
*सर्वयज्ञोद्भवं पुण्यं सर्वतिर्थोद्भवं फलं।*
*सर्वदानोद्भवं पुण्य सर्व धर्मोद्भवं फलम्॥*
*(भस्म दलेका शिवजीको ध्यान नीलकण्ठ*
*पोखरीको किनारमा निरन्तर जपेमा अन्य*

*सबै प्रकारका यज्ञ गर्नाले पाइने पुण्य*
*तथा सबै तीर्थमा स्नान, दान गर्नाले*
*प्राप्तहुने पुण्यभन्दा करौडौं गुना बढी*
*पुण्य प्राप्ति हुन्छ।)*

यसबाट गोसाइँकुण्डको धार्मिक महत्त्व उच्च रहेको देखापर्छ। यसै महत्वलाई बुझेर होला मल्ल राजाहरूले समयसमयमा गोसाइँकुण्डको धार्मिक यात्रा समेत गरेका थिए।

**गोसाइँकुण्डसंग संबन्धित केही ऐतिहासिक घटनाहरू**

गोसाइँकुण्डको ऐतिहासिक महत्त्व पनि प्रशस्त रहेको छ। खास गरेर काठमाडौंका मल्ल राजाहरूले यस ठाउँलाई ठूलो तीर्थस्थलकै रूपमा मान्दै आएका थिए। मल्लराजाहरूमा यक्षमल्ल पार्थिवेन्द्र मल्ल, महीपतेन्द्र मल्ल, भास्कर मल्ल आदिले यस ठाउँको तीर्थयात्रा गरेका थिए। केशर पुस्तकालयमा रहेको 'सुमतिसिद्धान्त टीका' नामक पुस्तकको टिपोटमा यक्षमल्ल बारे उल्लेख गर्दै भनिएको छ- "ने.सं. ५६७ (वि.सं. १५०४०) भाद्र शुक्ल तृतीयामा दिन श्रीश्री जय यक्षमल्लदेव ठाकुर शिवलुति (शिलु = गोसाइँकुण्ड) तिर प्रस्थान गर्नुभयो। भाद्र शुक्ल द्वादशी श्रवण नक्षत्र बुधवारका दिन गोसाइँकुण्डमा स्नान गरेर दान दक्षिणा गर्नु भयो। तीन रात चार दिन गोसाईं थानमा बसी गाई दान गर्नु भयो, यति गरी फर्कनु भयो। भाद्रकृष्ण चतुर्थीका दिन श्री चाँगुरनारायणलाई स्नान गराई देउपाटनमा जानु भयो, देउपाटनमा श्री पशुपतिनाथलाई स्नान गराई त्यही दिन राजदरबार जानु भयो।"[३]

यसबाट यक्षमल्लले गोसाइँकुण्डको यात्रा वि.सं. १५०४ भाद्र १५ गते शुरू गरी भाद्र ३० गते मात्र काठमाडौं फर्केको देखिन्छ। गाई समेत दान गरी फर्केको यस प्रसंगबाट यस तीर्थस्थलको महत्त्व त्यसबेला पनि अत्यन्त उच्च रहेको स्पष्ट हुन्छ। यक्षमल्लले चलाएको यस परम्परालाई यसपछिका अरू राजाहरूले पनि मान्दै आए।

काठमाडौंका प्रशिद्ध राजा प्रतापमल्ले गोसाइँकुण्डसम्मको यात्रा गरे-नगरेको चाहिँ थाहा हुन नसकेता पनि रानी पोखरी खन्न लगाई त्यसमा विभिन्न तीर्थहरूबाट जल ल्याई भर्ने क्रममा केवल गोसाइँकुण्डको मात्रै ६३ भारी जल बोकाई त्यहाँ खन्याउन लगाएको कुरा थाहा हुन्छ।[४] यस आधारबाट संभवतः प्रतापमल्लले पनि गोसाइँकुण्डसम्मको यात्रा गरेका थिए भन्ने अनुमान हुन्छ।

पार्थिवेन्द्र मल्ल र उनका भाई महीपतेन्द्र मल्ल पनि गोसाइँकुण्डसम्मको धार्मिक यात्रा गरी फर्केका थिए। चन्द्रमान जोशीसँग रहेको एउटा ठ्यासफूको वर्णनमा उल्लेख गरिएको छ- 'ने.सं. ८०१ (वि.सं. १७३८) श्रावण शुक्ल अष्टमी उप्राप्न्त नवमी स्वाती नक्षत्र बुधवारका दिन १५ घडीदेखि १८ घडीभित्र श्री श्री जय पार्थिवेन्द्र मल्ल देव, भाइ श्रीश्री

महीपतेन्द्र मल्ल दुवै दाजुभाइ गोसाइँकुण्डमा जान भनी पश्चिमतिर जानु भयो। यसदिन तारसीमा बास पऱ्यो। यसको भोलिपल्ट ज्याथ मानेमा बास। यसको भोलिपल्ट थंथुरज्जमा बास। यसको भोलिपल्ट पाकुको नथवनमा बास। यसको भोलिपल्ट शिरू थिकुमा बास। यसको भोलिपल्ट चन्दनसिंह बास। यसको भोलिपल्ट श्री ३ नीलकण्ठकुण्डको दक्षिणतिर श्रीश्री जयपार्थिवेन्द्र मल्लको शिवलिङ्ग स्थापना गर्नु भयो।" उक्त ठ्यासफूमै राजा पार्थिवेन्द मल्ले उक्त तीर्थयात्रा पूरा गरी फर्केको प्रसंग पनि आएको छ। ठ्यासफू अगाडि उल्लेख गर्दछ– "यस दिन एक रात शिरुथी मै बास बसी यसको भोलिपल्ट दोरामा बास बसियो। यसको भोलिपल्ट धैवुङमा बास। यसको भोलिपल्ट नुवाकोटमा बास। नुवाकोटमा एक रात बस्नु भई श्री ३ गण्डकी भैरवलाई ६ राँगा २० बोकासहितको बलि पूजा गरी यस दिन तारसिमा बास बस्न जानुभयो। यसको भोलिपल्ट (कान्तिपुर) आइपुग्नु भयो।"[५]

उपरोक्त ठ्यासफु अनुसार प्रतापमल्लका छोराहरूमध्ये पार्थिवेन्द्र मल्ल र महीपतेन्द्र मल्ल सात दिन लगाई गोसाइँकुण्ड पुगेका थिए र फर्कदा ५ दिन लगाई उनीहरू काठमाडौं आएका थिए। यसर्थ सो यात्रा गर्न त्यसबेला जम्मा १२ दिन लागेको थियो। फर्कने क्रममा उनी नुवाकोटमा एक रात बसी गण्डकी भैरवलाई ६ राँगा २० बोका बलि दिएका थिए। साथै नीलकण्ठ तीर्थको दक्षिणतिर मन्दिरभित्र रहेको शिवलिङ्ग उक्त शिवलिङ्ग हो कि भन्ने अनुमान हुन्छ। कडा कालो प्रस्ततरमा कुँदिएको यो शिवलिङ्ग काठमाडौं उपत्यकामा रहेका शिवलिङ्गको बनावटसँग मिल्दो जुल्दो पनि छ।

एउटा अर्को ठ्यासफूमा राजा भास्कर मल्लले पनि गोसाइँकुण्डको धार्मिक यात्रा गरेको पाइन्छ। त्यसमा "ने.सं. ८३४ (वि.सं. १७७०) कार्तिक शुक्ल द्वितीया शनैश्चरवारको दिन राती श्रीश्री जय भास्कर मल्ल राजा गोसाइँकुण्डमा जान परमेश्वर हिटीमा प्रस्थान गरी बस्नु भयो। यसको तीन दिनपछि चौथीको दिन धर्मथलीमा पुग्नु भयो। कार्तिक कृष्ण नवमीको दिल फर्कनु भयो"[६] भन्ने उल्लेखबाट भास्कर मल्लको यो यात्रा जम्मा १७ दिन लागेको देखिन्छ। तर यस ठ्यासफुमा धर्मस्थलीबाट प्रस्थान गरेको उल्लेखसम्म आए तापनि बाटामा पर्ने बासहरूको बारेमा भने उल्लेख छैन।

श्री ५ पृथ्वीनारायण शाह पनि गोसाइँकुण्ड स्नानका लागि प्रस्थान गरेको उल्लेख छ।[७] पृथ्वीनारायण शाहले आफ्नो उपदेशमा "मामाज्यू पनि नीलकण्ठ पशुपतिको दर्शनलाई देउघाटको बाटो गरी जानु भयाको रहेछ। नीलकण्ठ पशुपतिको दर्शन भया पछि श्री गोरखनाथको दर्शनलाई गोर्खामा आउनुभयो"[८] भनेकाले त्यसबेलासम्म पनि गोसाइकुण्डको महिमा उच्च रहेको स्पष्ट छ।

देवीघाट पारी रणभूवनेश्वर स्थानमा रहेको वि.सं. १८८५ को रणोद्योत शाहको अभिलेखमा गोसाइँकुण्डको महिमा बारे यसरी भनिएको छ– "...... विष पिएपछि त्यसबाट भएको ठूलो छटपटी हटाउनको लागि शिवजी हिमालयको सिन्हानमा जानु भयो र त्यहाँ त्रिशुल गाड्नु भयो। त्यहाँबाट हिउँ पानी तीन धारा निस्कए, ती धाराहरूबाट

शिवजीको बासस्थान स्वरूपको मानिसको पाप नास गर्ने सफा कुण्ड (शिव ल्हुति = गोसाइँकुण्ड) को अभिभार्व भयो।"९

राजा गीर्वाण युद्ध विक्रम शाहले वि.सं. १८५९ मा जय मंगल शर्मालाई सदावर्त गुठी चलाउने अधिकार दिएका थिए। सो सदावर्त गुठीलाई अलग्याएको जग्गामा गुलालराम अवसथिकले आफ्नो तर्फको केही खेत जग्गा पनि प्रदान गरेका थिए।१० यसमा धैवुङ, किमार जुङ भञ्ज्याङ, चित्ति भञ्ज्याङ सूर्यगढी मुनिको छहरो, गढी भञ्ज्याङ, देउराली भञ्ज्याङ र आहालपा भञ्ज्याङ भित्रको जग्गा प्रदान गरिएको थियो। यसबाट पछिका समयमा पनि गोसाईंकुण्डको धार्मिक महत्त्वलाई कायम गर्न राजाहरूले प्रशस्त ध्यान दिएको थाहा हुन्छ।

## गोसाइँकुण्ड सम्बन्धी किम्बदन्तीहरू

गोसाइँकुण्डको महत्त्वलाई प्रचार प्रसार गर्न स्थानीय रूपमा प्रचलित किम्बदन्तीहरूले पनि ठूलो भूमिका खेलेका छन्। यस्ता किम्बदन्तीहरूमध्ये नेवार समुदायमा प्रचलित किम्बदन्तीहरू महत्त्वपूर्ण तथा उल्लेखनीय छन्। यस्तै एउटा किम्बदन्तीको अनुसार एक पटक भर्खरै बिहे गरेका नवदम्पति नुहाउन भनी गोसाइँकुण्डको लागि प्रस्थान गरेछन्। पतिले आफ्नी पत्नीलाई सँगै नुहाउन नजाने सल्लाह दिए तापनि पत्नीको ठूलो ढिपीपछिमात्र पतिले पत्नीलाई पनि संगै लिई नुहाउन गोसाइँकुण्ड गए। त्यहाँ पुगेपछि नुहाउन मात्रै के लागेका थिए कुनै ठाउँको राजाले उनकी पत्नीको अपहरण गरी आफ्नी रानी तुल्याएछ। यसरी आफ्नी पत्नीको अपहरण भएपछि उक्त पति आफ्नी पत्नीको वियोगमा एकलै छट्पट्टिई जोगीको भेषमा चारैतिर घुम्न थालेछ। धेरै समयपछि एकदिन चतुर्मास व्रत समाप्त गरी राजाको स्वीकृति अनुसार जोगीहरूलाई भोजन ख्वाउँदा रानीले आफ्नो पतिलाई देखिन्। त्यसपछि उनी कुनै उपायले जोगीनीको भेष धारण गरी शौचालयमा जाने निहुँमा दरबारबाट बाहिर निस्किई आफ्नो पतिसँगै लागीन्।

यसै किम्बदन्तीको विश्वास अनुसार नेवार समाजमा अहिले पनि गोसाइँकुण्डको यात्रामा पति र पत्नि सँगसँगै जान नहुने चलन छ।

नेवारीभाषामा 'शिलु तीर्थ' नामका भजन पनि प्रचलित छ।११ यस भजनमा माथिकै कथालाई लयवद्ध रूपमा प्रस्तुत गरिएको छ। उक्त भजन गीतको अनुसार त्यसबेला गोसाई कुण्ड जाँदा क्रमशः धर्मस्थली, पाता माने फेंदी, पांगा माने फेदी, जैफल पौवा, रानी पौवा, चातुराली पौवा, नुवाकोट व्यासी, थैबुतने, भीमल पाकव, धुन्चे व्यासी पार गर्दै लौरी विनायक ठाउँ पार गर्नु पर्दथ्यो। भजनमा व्यक्त तालिका अनुसार काठमाडौंबाट हिंडेको १३ औं दिनमा गोसाइँकुण्ड पुगेको प्रसंग पनि यताबाट थाहा हुन्छ। प्रस्तुत नेवारी भाषाको भजनले मार्मिक विछोडको वेदनालाई प्रस्तुत गरे पनि पुनर्मिलनबाट यसको अन्त्य गरिएको छ। हालसम्म पनि यो गीत नेवारी समाजमा निकै लोकप्रिय रहेको छ।१२

किम्बदन्तीको विश्वासले गर्दा नेवार समुदायमा पति-पत्नीको उपस्थिति यहाँ त्यति धेरै मात्रामा नदेखिए तापनि आजभोलि भने फाटफुट रूपमा पति पत्नी सँगसँगै गएको नदेखिने पनि होइन। अरू जातिहरूमा यस कथाको विश्वसनीयता त्यती सारो रहेको देखिंदैन।

**पर्व र मेलाहरू**

गोसाइँकुण्डको महत्व बढाउनमा श्रावण पूर्णिमाको बेला यहाँ लाग्ने धार्मिक मेलाको नै प्रमुख भूमिका छ। यस अवसरमा विभिन्न ठाऊँबाट श्रद्धालु भक्तजनहरू यहाँ आई बिहानैदेखि यहाँको पवित्र पोखरीमा नुहाउँदछन्। नुहाई सकेपछि आफ्नो गच्छेअनुसार सिदा दान, भेटी दान गर्ने पनि गरिन्छ। यसै अवसरमा शिव स्तुति गर्ने, शिव नाम उच्चारण गर्ने, धूप, दीप, नैबेद्य आदिले भगवान् शिवको पूजा अर्चना गर्ने इत्यादि गर्ने गरिन्छ। धेरैजसोले यस पूजाको अवसरमा नरीवलका जटाहरू पोखरीमा चढाउने पनि गर्दछन्। श्रावण पूर्णिमाको यस पुण्य अवसरमा पोखरीमा नुहाएमा जन्मभरी गरेका पापहरू पखालिनुको साथै अन्य यज्ञ, दान आदिबाट कमाएको पुण्यभन्दा सयौं गुना बढि पुण्य मिल्छ भन्ने आम धारणा रहेको छ। श्रावण पूर्णिमाको अवसरमा नुहाउन जाने भक्तजनले बाटोमा चार, पाँच वटा ढुंगाहरू चाँजेर घर जस्तो आकार बनाई छाड्ने गर्दछन्। धारणा अनुसार मरे पछि स्वर्गमा बस्न चाहिने घरको रूपमा यसलाई लिइएको बुझिन्छ।

यस्तै अर्को महत्त्वपूर्ण दिन वैशाख महिनामा पर्ने दसहरा मेला हो। तर यसबेला तीर्थयात्रीहरूको उपस्थिति माथिको अनुपातमा निकै कम हुन्छ।

श्रावण पूर्णिमाको अवसरमा वरिपरिबाट झाँक्रीहरू यहाँ आई महादेवको अवाहन गरी पोखरीमा हामफाली नुहाउने पनि गर्दछन्। महादेवलाई सबैजसो झाँक्रीहरूले आफ्ना मूल गुरुको रूपमा स्विकार गरी यसदिन उनीबाट आशिर्वाद लिन सकिने विश्वास पनि राखेको पाइन्छ। यहाँ आउने झाँक्रीहरूमा अधिकांश तामाङ समुदायकै छन्। प्रत्येक गाउँबाट झाँक्रीहरू यहाँ आउँदा गाउँका सबै चेली र अरू व्यक्तिहरूलाई आफ्नै खर्चमा यहाँ ल्याउनु पर्ने नियम छ। यसको लागि ठाऊँ ठाऊँमा सबै सहभागीहरूलाई खानपीनको व्यवस्था पनि झाँक्री कै तर्फबाट मिलाउनु पर्ने हुन्छ। त्यतिमात्र होइन, नुहाएर फर्केपछि पनि झाँक्रीले गाउँलेहरूलाई ठूलो भोज दिनु पर्ने चलन छ। आजभोली यसप्रकारको परम्परा कायम राख्न ज्यादै महङ्गो हुने भएकाले झाँक्रीहरूको उपस्थिति ज्यादै कम हुँदैछ।

झाँक्रीहरू आफ्नो एक हातमा ढ्याङ्ग्रो समाई अर्को हातले लठ्ठीले ठोक्दै भगवान्को स्तुति गर्ने, भगवान्लाई लोकको रक्षाको लागि निवेदन गर्ने गर्दछन्। भनिन्छ, यसैदिन झाँक्रीहरूले मानवको उत्पत्ति, भगवान्को उत्पत्ति आदि कथाहरूलाई गीतकै माध्यमबाट अभिव्यक्त गर्ने गर्दछन्। झाँक्रीहरू यस मेला कै अवसरमा गोसाइँकुण्डका अतिरिक्त

दूधकुण्ड, ईश्वरकुण्ड, महादेवकुण्ड, सरस्वतीकुण्ड, भैरवकुण्ड आदि कुण्डहरूको परिक्रमा पनि गर्ने गर्दछन्।[१३] यसरी झाँक्रीहरू श्रावण पूर्णिमामा गोसाइँकुण्ड गई महादेवप्रति श्रद्धा व्यक्त गर्दै आशिर्वाद लिएपछि मात्र आफ्नो विद्या र सिद्धिमा पारङ्गत भएको ठानिन्छ। जसरी हिन्दूहरूले नीलकण्ठ महादेवको स्तुति गर्दछन् त्यसरी नै झाँक्री विद्या र पेशामा लागेकाहरूले उनै महादेवको आशिर्वाद लिने गर्दछन्। यसैले धामी झाँक्री (Shamanism) मा विश्वास राख्नेहरू र सनातनी हिन्दु धर्मप्रति विश्वास राख्ने यी दुवैथरीको एउटै जमघटको स्थल यो ठाउँ हुन पुगेको देखिन्छ।

## तीर्थयात्राको उद्देश्य

अनुसन्धानको क्रममा गोसाइँकुण्डसम्म गरिने यात्राको उद्देश्यलाई पनि विषय वस्तुको रूपमा राखिएको थियो। श्रावण पूर्णिमाको अवसरमा गरिने यात्रा हुनाले सबैको समान धार्मिक उद्देश्य रहेको भए तापनि सबैले आआफ्नै उद्देश्य र अभिप्राय राखेको पनि पाइन्छ। यात्राको उद्देश्यको सम्बन्धमा निम्न तालिकाले पनि स्पष्ट पारेको छ–

**यात्राको उद्देश्य**

| उद्देश्य | महिला (%) | पुरुष (%) | जम्मा (%) |
|---|---|---|---|
| सामान्य पूजा/नुहाउने | ८७ (९५.६) | ७३ (८९.०) | १६० (९२.५) |
| दृश्यावलोकन | ४ (४.४) | ९ (११.०) | १३ (७.५) |
| जम्मा | ९१ (१००) | ८२ (१००) | १७३ (१००) |

*स्रोतः स्थलगत सर्वेक्षण २०५६*

उपरोक्त तालिकाले देखाए अनुसार १६० जना अर्थात् ९२.५ प्रतिशत यात्रीहरू नुहाउन र पूजा गर्न आएको देखापर्‍यो भने दृश्यावलोकनको लागि मात्र आउने यात्रीहरूको संख्या १३ अर्थात् ७.५ प्रतिशत रहेको देखियो। खास गरे १६–२५ वर्ष सम्मको उमेर समुहका केटाहरू घुम्नको लागि आएको भन्ने जवाफ उनीहरूबाट आएको थियो। यहाँ आउने पश्चिमा विदेशीहरूको उद्देश्यमा त दृश्यावलोकन बाहेक अर्को हुनसक्ने अनुमान पनि गर्न सकिँदैन।

## स्थानीय जन जीवनमा गोसाइँकुण्ड मेलाले पार्ने प्रभाव

### (क) सामूहिक भावनाको विकास

गोसाइँकुण्ड तीर्थाटन गर्ने कार्यको थालनी सामूहिक सोचाईबाटै हुन गर्दछ। यसका लागि कम्तिमा दुई वा दुइभन्दा बढी व्यक्ति रहेका समूहहरू यहाँ आउने गर्दछन्। उक्त

समूहको एकजना नाइके हुन्छ। समूहभित्र यात्रा निर्धारण गर्ने कुरा देखि बासको व्यवस्था मिलाउने काम सम्म पनि उक्त नाइकेले नै गर्छ। समूहको नाइकेले बुढाबुढीलाई आराम र सुविधा पुर्‍याउने र उनीहरू हिड्न नसक्ने अवस्था देखिएमा भरिया वा घोडा भाडामा लिई निश्चित ठाउँसम्म पुर्‍याउने व्यवस्था पनि गर्दछन्। यस्तो सामूहिक सोचाइमा आधारित तीर्थ बाट संवद्ध तीर्थयात्रीहरूको बीच एक आपसको सम्बन्धले सामाजिक सहयोगको भावनालाई अझ विस्तार गरेको छ। अध्ययनको क्रममा भेटिएका यस्ता समूहहरूको विवरण निम्न प्रकारले प्राप्त भएको थियो-

**यात्रीहरूको समूह विवरण**

| व्यक्ति संख्या | समूह संख्या | % |
|---|---|---|
| १-५ | १६ | ६१.५ |
| ६-१० | ४ | १५.४ |
| १० भन्दामाथि | ६ | २३.१ |
| जम्मा | २६ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण २०५६*

उपरोक्त तालिकाले ऐउटा समूह भित्र १ देखि ५ जनासम्म सम्मिलीत समूहहरू अधिक मात्रामा रहेको देखाउँछ। यसको प्रतिशत पनि ६१.५ रहेको छ। यसैगरी ६-१० जनासम्म सदस्यरहने समूहको संख्या ४ अर्थात् १५.४ प्रतिशत र १० भन्दा बढि सदस्य रहने समूहको संख्या ६ (२३.१) रहेको देखिन्छ। १० भन्दा माथिको समूहमा धेरैजसो २५ जना देखि २७ जना सदस्य सम्म रहेका पाइयो। यसप्रकारको समूहहरू प्रायः काठमाडौं तथा चितवन जिल्लाका रहेको पाइयो। यस्ता समूहहरूमा नाइके बाहेक अन्य सदस्यहरूमा महिलाहरूको सहभागिता अत्यधिक रहेको छ।

अनुसन्धानको क्रममा संबद्ध यात्रीहरूलाई कतिपटक यात्रा गरिसकिएको भन्ने प्रश्नमा उनीहरूबाट आएको उत्तर निम्न तालिकाले स्पष्ट पार्दछ-

**यात्रा पटकको तालिका**

| कतिपटक | महिला (%) | पुरुष (%) | जम्मा (%) |
|---|---|---|---|
| पहिलो | ८३ (९१.२) | ७१ (८६.६) | १५४ (८९.०) |
| दोस्रो | ५ (५.५) | ५ (६.१) | १० (५.८) |
| तेस्रो | ३ (३.३) | ६ (७.३) | ९ (५.२) |
| जम्मा | ९१ (१००) | ८२ (१००) | १७३ (१००) |

*स्रोत: स्थलगत सर्वेक्षण २०५६*

यस तालिकाबाट यो पनि स्पष्ट भएको छ कि उक्त यात्रामा अधिक संख्यामा पहिलो पटक आएका यात्रीहरू नै रहेका छन्। उनीहरूको संख्या १५४ (८९.०) अर्थात् सबभन्दा बढी रहेको छ। यसै गरी दोस्रो पटक आएका तीर्थयात्री संख्या १० (५.८) र तेस्रो पटक आएकाहरूको संख्या ९ (५.२) रहेको देखिन्छ। यसबाट यस तीर्थको महत्व र माहात्म्यले भर्खरमात्र जनमानसमा प्रचार प्रसार हुने मौका पाएको देखाउँछ। यसबाट पनि अनुमान गर्न सकिन्छ कि गोसाइँकुण्डसम्मको यात्रा अलि कठिन पर्ने भएकाले प्रायःजसो यात्रीहरूले एक पटक मात्र यस्तो यात्रा गर्न आफ्नो हिम्मत जुटाउन सक्षम देखिन्छन्। त्यसैले पनि दोस्रो र तेस्रो पटक यात्रा गर्ने फुर्सद र आँट कम मात्रले जुटाएको देखिन्छ।

**(ख) जीवन स्तरमा सुधार**

अध्ययनबाट एउटा नौलो तत्थ्य पनि हाम्रो अगाडि आएको छ त्यो हो मेलाले स्थानीय जन जीवनमा पारेको सामाजिक र आर्थिक प्रभाव। रसुवा जिल्लाको उत्तरी भागमा खास गरी तामाङ जाति कै बाहुल्य रहेको छ। त्यहाँ तामाङ समुदायसंग थोरै पाखो जग्गा मात्र रहेको हुनाले दह्रो आयस्रोतको अभावको कारण उनीहरूले निकै आर्थिक कठिनाई बेहोर्नु परेको थियो। तर केही वर्ष यतादेखि गोसाइँकुण्डको तीर्थाटन गर्ने क्रम बढ्दै गएको र धुन्चेबाट हिंड्दा प्रत्येक बासमा तामाङ जातिले सञ्चालन गरेका थर्पु (अस्थायी होटेल) भएका कारण उनीहरूले आंशिक रूपमा भएपनि वार्षिक निश्चित आयस्रोतको रूपमा मेलालाई लिएको देखिन्छ। जुन तामाङहरूको थर्पु हुँदैन उनीहरूले समेत भारी बोक्ने व्यवसायद्वारा मेलाको अवसरमा थप आय अर्जन गर्न पाएको देखिन्छ।

यो क्षेत्र लाङ्टाङ् राष्ट्रिय निकुञ्जभित्र पर्ने भएकाले यहाँ कुनै सीमित अवधिको लागि मात्र भए पनि थर्पु राख्न दिने व्यवस्था भएको छ। यस्ता थर्पुहरू श्रावण शुक्ल एकादशीदेखि पूर्णिमासम्म (१५ दिन जतिको अवधिमा) राख्न निकुञ्जले अनुमति दिएको छ। त्यस वापत ३००।- रूपैयाँ प्रत्येक थर्पुले निकुञ्जलाई बुझाउनु पर्दछ। खास गरी धुन्चेदेखि माथिबाट थर्पु संख्या क्रमशः सुरु भई गोसाइँकुण्डमै टुङ्गिन्छ। अध्ययन गर्ने समयताका २४० जति थर्पुहरू राखिएका थिए। यी थर्पुहरू यहाँका भार्खु गाउँ र कालीका गाविसका तामाङ जातिहरूले नै चलाएका छन्। ४/५ वर्ष अघिदेखि यहाँ थर्पु (होटेल) राख्ने अनुमति पाउँदै आएका र त्यसैअनुसार उनीहरूले आ-आफ्ना निश्चित ठाउँमा थर्पु राखेको पाइन्छ। मेलाको अवधिभर नियम अनुसार उक्त थर्पुहरू सञ्चालन गर्ने र मेला सकिएपछि आफैले थर्पु वरिपरि सरसफाइ गर्नु पर्ने नियम पनि रहेको छ।

उनीहरूको दैनिक आयबारे प्रश्न गर्दा उक्त थर्पु सञ्चालकहरूले तथ्य रूपमा उत्तर नदिए तापनि अप्रत्यक्ष रूपबाट उनीहरूको आय सालाखाला दैनिक रू. १५००।- देखि रू. ७०००।- सम्म रहेको पनि थाहा भयो।

तालिकामा पसलेहरू र भरियाबाट लिएको तथ्याङ्कलाई यसरी राख्न सकिन्छ-

**१५ दिनको अवधिमा हुने दैनिक आम्दानी**

| आम्दानी | पसल संख्या | (%) | भरिया संख्या | (%) |
|---|---|---|---|---|
| २००० रू. भन्दा कम | १ | १२.५ | ४ | ६६.७ |
| २०००-५००० रू. | २ | २५.० | २ | ३३.३ |
| ५००० रू. भन्दा बढी | ५ | ६२.५ | - | |
| जम्मा | ८ | १०० | ६ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण २०५६*

उपरोक्त तालिका अनुसन्धानको क्रममा ८ जना तामाङ पसलेहरू (थर्पु व्यवसायी) र ६ जना तामाङ भरियासंग सोधिएका प्रश्नावलीमा आधारित छ। यसबाट भरियाहरूले भन्दा पसलेहरूले यस अवसरमा बढि आर्थिक आय आर्जन गर्न समर्थ रहेको देखिन्छ। अनेत्रबाट पनि भरियाहरू यहाँ आई काम गर्नेए देखिएकोबाट यहाँका स्थानीय तामाङ भरियाहरूको आयमा धेरै असर पर्न गएको कुरा पनि अवगत भयो। अन्य केही ठाउँहरू जस्तो चन्दनवारीको ३ वटा स्थायी होटेल, चोलाङपाटीमा एउटा होटेल र गोसाइँकुण्डमा दुइवटा स्थायी होटेलहरू शेर्पाहरूले चलाएको देखिन्छ। वेग्लै कोठा लिन पाउने भएकाले नेपालीहरू पनि प्रायः शेर्पाहरूको यीनै स्थायी होटलमा बस्न मन पराउँछन् भने विदेशी पर्यटकहरू पनि आधुनिक रूपमा बनाएका यस्ता होटेलहरूबाट आकर्षित छन्। यसले गर्दा तामाङहरूका थर्पुहरूमा बस्न चाहनेहरू (खास गरेर आधा बाटोमा बस्ने) कमै सम्भावना रहेको हुन्छ। यसबाट पदयात्राको उपयुक्त बास स्थायी थलोमा अवस्थित यस्ता होटेलसँग यिनीहरूको तुलना हुन सक्दैन। जे होस्, स्थानीय तामाङ र शेर्पाहरूले नेपालका र विदेशका अन्य पृथक संस्कृतिरहेका व्यक्तिहरूसँगको सम्पर्कका साथै यस अवधिमा आफ्नो आर्थिक उपार्जनलाई पनि कुनै न कुनै मात्रामा बढाउने अवसर पनि पाएका छन्।

**(ग) विविध जाति र समुदायबीच आपसी सम्पर्क र आदान प्रदान**

गोसाइँकुण्डमा विशेष गरी श्रावण पूर्णिमाको अवसरमा टाढाटाढाबाट आएका विभिन्न जाति र समुदायका तथा विभिन्न पेशा गर्ने मानिसहरूको जमघट हुने गर्दछ। यसप्रकारको जमघटले उनीहरू बीचको सांस्कृतिक एकतालाई पनि सुदृढ बनाउने काम गरेको छ।

तल प्रस्तुत गरिएको तालीकाको क्षेत्रीय अवलोकनको बेला उक्त तीर्थयात्रामा सामेल देखिएका विविध जाति र समुदायका व्यक्तिहरूको संख्यात्मक उपस्थिति जनाउँछ-

## तीर्थ यात्रीहरूको समुदायगत र जातिगत तालिका

| जाति | महिला संख्या (%) | पुरुष संख्या (%) | जम्मा (%) |
|---|---|---|---|
| ब्राह्मण | ५१ (५६.१) | ३९ (४७.६) | ९० (५२.०) |
| क्षेत्री | १३ (१४.४) | ४ (४.९) | १७ (९.८) |
| नेवार | ९ (९.८) | २० (२४.४) | २९ (१६.७) |
| मगर | १० (१०.९) | ९ (१०.९) | १९ (१०.९) |
| तामाङ | ५ (५.५) | ४ (४.८) | ९ (१०.०) |
| जोगी/सन्यासी | | १ (१.३) | १ (०.५) |
| विदेशी (पश्चमी मुलुकका) | ३ (३.३) | ५ (६.१) | ८ (४.६) |
| जम्मा | ९१ (१००) | ८२ (१००) | १७३ (१०० |

*स्रोत: स्थलगत सर्वेक्षण २०५६*

उपरोक्त तालिकाबाट के स्पष्ट हुन्छ भने यस तीर्थयात्रामा अधिकांश सहभागीहरू ब्राह्मण र क्षेत्री नै रहेका छन्। त्यसपछि नेवार, मगर र तामाङहरूको उपस्थिति क्रमस: रहेको छ। यसमा जोगी, सन्यासी जम्मा एक र विदेशीहरूको संख्या आठ पुगेको छ। विदेशीहरूमा खासगरी पश्चिमी मुलुकका पर्यटकहरू रहेका छन्। महिला र पुरुषको सहभागिता हेर्दा नेवार जाति बाहेक अरू जातिको संख्यामा महिलाहरू कै मात्रा बढि रहेको देखिन्छ। काठमाडौँबाट एकै उमेरका केटाहरूको ग्रुप (समूह) बिदाको उपयोग गर्न आएको हुनाले पनि तुलनात्मक रूपमा पुरुषभन्दा महिलाहरूको संख्या नेवार जातिमा कम देखिन गएको सान्दर्भिक छ।

यसैगरी जिल्लागत रूपमा आउने तीर्थ यात्रीहरूको तथ्याङ्क निम्नानुसार देखिन्छ–

## जिल्लागत रूपमा आउने तीर्थयात्रीहरूको तालिका

| जिल्ला | महिला (%) | पुरुष (%) | जम्मा (%) |
|---|---|---|---|
| रसुवा | ५ (५.५) | ४ (४.९) | ९ (५.२) |
| नुवाकोट | ३ (३.३) | ६ (७.३) | ९ (५.२) |
| काठमाडौँ | १९ (२०.९) | १६ (१९.५) | ३५ (२०.२) |
| भक्तपुर | – | ४ (४.९) | ४ (२.२) |
| पाटन | १२ (१३.२) | ११ (१३.४) | २३ (१३.४) |

| | | | |
|---|---|---|---|
| काभ्रे | | २ (२.४) | २ (१.३) |
| सिन्धुपाल्चोक | ३ (३.३) | ४ (४.९) | ७(४(१) |
| चितवन | ३१ (३४.१) | १८ (२२.०) | ४९ (२८.४) |
| मकवानपुर | २ (२(४) | २ (२.४) | ४ (२.४) |
| पाल्पा | ४ (४.४) | /३ (३.७) | ७ (४.०) |
| तनहूँ | १ (१.१) | २ (२.४) | ३ (१.३) |
| नवलपरासी | ८ (८.८) | ४ (४.९) | १२ (६.९) |
| विदेश | ३ (३.३) | ६ (७.३) | ९ (५.२० |
| जम्मा | ९१ (१००) | ८२ (१००) | १७३ (१००) |

*स्रोत: स्थलगत सर्वेक्षण २०५६*

उपरोक्त तालिकाले देखाए अनुसार गोसाइँकुण्डको धार्मिक यात्रामा आउने यात्रुहरू पूर्वमा सिन्धुपाल्चोकदेखि पश्चिममा पाल्पासम्मका रहेका छन्। ती मध्ये अधिक संख्यामा चितवनका (२८.४) र त्यसपछि काठमाडौंका (२०.२) रहेका छन्। अन्य जिल्लाहरू मध्ये पाटन (१३.४), नवलपरासी (६.०), रसुवा (५.२), नुवाकोट (५.२), सिन्धुपाल्चोक (४.१), पाल्पा (४.०) र सबैभन्दा कम काभ्रे जिल्ला (१.३) का तीर्थयात्रीहरू देखिएका छन्। यस तीर्थयात्रामा आएका विदेशीहरूमा संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य र इटालीका क्रमशः रहेका देखिन्छन्।

गोसाईं कुण्डमा गरिने धार्मिक यात्रा र यस बीचमा देखिने सांस्कृतिक अन्तरसम्बन्धबाट विभिन्न जातिहरू बीच रहेको सामाजिक सांस्कृतिक समन्वयात्मक भावनालाई अझ बढि संगठित बनाउने काम गरेको पाइन्छ। मेलाको अवसरमा व्यक्तिहरूबीच सहयोग, सद्भाव बढ्नुको साथै जुनसुकै समुदाय र जातिको भए पनि त्यसले यस स्थललाई हामी नेपालीहरूको साझा स्थल हो भन्ने भावनाको विकास गर्न मद्दत पनि गरेको छ।

## पर्यटकीय विकासका पक्षहरू

लाङ्टाङ् राष्ट्रिय निकुञ्ज भित्रपर्ने यो क्षेत्र नेपालको उत्तरी भेकको एक महत्त्वपूर्ण पर्यटकीय क्षेत्र हो। यहाँका रमाइला दृश्य र यहाँको स्थानीय सांस्कृतिक विशेषतालाई नजिक बाट हेर्न पर्यटकहरू यहाँ आउने गर्दछन्। खास गरेर गणेश हिमाल, लाङटाङ हिमाल, मनास्लु, अन्नपूर्ण दोस्रो आदि हिम्श्रृंखलाका दृश्यहरू यहाँबाट सजिलै देख्न सकिन्छन्। यहाँको लौरी विनायक एक महत्वपूर्ण र उच्च लेक भएकाले यहाँको

वातावरण अरूभन्दा बेग्लै देखिन्छ। साथै यहाँबाट सुरू हुने पैदल यात्राले लाङटाङ क्षेत्रको प्राकृतिक रम्यताको अनुभूति गराउँछ। लौरी विनायकदेखि पूर्वतर्फ रहेका अनेकौं कुण्डहरूले यहाँको वातावरण नै आकर्षक बनाएका छन्। यसैले आजभोलि खास गरेर यहाँ अगस्तदेखि सेप्टेम्बर महिनासम्म पर्यटकहरूको घुँइचो लाग्ने गर्दछ।

पर्यटकीय विकासको लागि सबैभन्दा महत्वपूर्ण पक्ष नै यहाँ रहेको हरियाली र प्राकृतिक दृश्यावली हो। यहाँका वन जंगल अहिलेसम्म काट्न नपाउने कडा कानूनले गर्दा पूर्णरूपेण जोगिन गएको छ भने पर्यटकहरू बस्ने लायकका होटेलहरूको विकास पनि भएको छ। त्रिशुलीदेखि धुन्चेसम्मको बाटो पीच हुन गएका काठमाडौंबाट यहाँ आउन समयको दूरी कम हुँदै जानेछ। साथै यो बाटो पीच भएमा अझ आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनमा वृद्धि पनि हुनेछ।

मेलाको अवसरमा यत्रतत्र गरिने फोहोरले कतै पर्यटकहरूको छविमा नराम्रो असर त पर्ने होइन भनि पनि सतर्कहुन आवश्यक छ। खास गरेर पूर्णिमाको अघिल्लो रातमा जुन रूपमा मानिसहरूको भीड जम्मा हुन्छ त्यस भीडले जताततै फोहोर गरिदिने हुनाले पोखरीको स्वच्छता अनि निर्मलतामा आँच आउन थालेको देखिन्छ। नियम कानुनले मात्र रोकथाम गर्ने प्रयास भन्दा पनि सबै तीर्थयात्रीहरूले यस कुरामा मनन् गरी आ-आफ्नो बानीमा सुधार ल्याउनु पर्ने देखिन्छ। साथ साथै जथाभावी पैसा र फूलहरू चढाएर पोखरीको निर्मलतालाई पनि असर पार्ने भएको हुनाले कुनै निकायले यससम्बन्धी कुनै निश्चित व्यवस्था र नियम बसाल्न आवश्यक भैसकेको छ। पर्यटक बस्ने नाममा यहाँ रहेका स्थायी होटेल नै पोखरीको ठीक पश्चिमी डिलमा बस्न गएका छन्, यसो हुँदा उक्त होटेलको फोहोर त्यहीं पोखरीमै गइरहेको र चर्पी पनि त्यहीं भएको हुनाले पोखरीको स्वच्छता कतिसम्म रहन सकला यो कुरा पनि विचारणीय नै छ।

गोसाइँकुण्डको सुधारका लागि माथि दिइएका सुझावहरूको पालना हुनु अत्यावश्यक छ। यदि गोसाइँकुण्डको स्वच्छ र निर्मलतालाई आँच आयो भने हाम्रो तीर्थस्थलमा मात्र त्यसको असर नभई हाम्रो पर्यटकीय क्षेत्रलाई पनि नराम्रो असर पर्न जाने कुरा निश्चित छ।

## टिप्पणी

१. *महाभारत आदीपर्व,* गोरखपुर, गीता प्रेस (सम्वत उल्लेख नभएको) पृ. ८१-८४
२. योगी नरहरी नाथ (सं.) *हिमवत्खण्ड,* काठमाडौं: गोरक्ष पीठ, २०१३, पृ. १०१-१०८।
३. शंकरमान राजवंशी, "यक्षमल्लको समयमा निश्चित सम्वत् र तिथिमितिहरू" *पूर्णिमा* पूर्णाङ्क १०, पृ. १९
४. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, *नुवाकोटको ऐतिहासिक रूपरेखा,* काठमाडौं, नेपाल र एसियाली अध्ययन संस्थान, वि.सं. २०३२, पृ. ४९

५. उही, पृ. ५०–५१।

६. गौतमवज्र वज्राचार्य, "ठ्यासफूको ऐतिहासिक व्याख्यो" *पुर्णिमा,* पूर्णाङ्क १७, पृ. ४९

७. *मेचिदेखि महाकाली भाग २,* काठमाडौं: सन्चार मन्त्रालय, पृ. ५४६–४७

८. योगीनरहरीनाथ (सं.) *दिव्यउपदेश* काठमाडौं, गोरक्षपीड, २०१६, पृ. ५

९. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, *नुवाकोटको ऐतिहासिक रूपरेखा,* काठमाडौं: नेपाल र एसियाली अध्ययन केन्द्र, २०३२, पृ. ५६ (अभिलेख संख्या ५९)

१०. नयराज पन्त र अरू *श्री ५ पृथ्वीनारायण शाहको उपदेश* (वक्तव्य, विषयसूचि शुद्धिपत्र), काठमाडौं: जगदम्बा प्रकाशन २०२५, पृ. ९३–९९।

११. वीणा पौडेल, "गोसाइँकुण्ड (नीलकण्ठकुण्ड)", *प्रज्ञा,* अंक ८६ प्रज्ञा पतिष्ठान पृ. १३५–१३७।

१२. *उही,* पृ. ११९–१३७।

१३. सुशिला मानन्धर, "गोसाइँकुण्ड", *रोलम्वा,* वर्ष १३ अंक (१९९३) पृ. ४–७

१४. Andras Hofer, *A Recitation of the Tamang Shaman in Nepal* Bonn, VGH, Wissenschafts Verlag, 1994. p. 131.